श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.वा.फौ.मि.नं.३७/६४ (**हातहतियार**)

दर्ता मिति :– २०७०/०९/२२

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७१९ , मिति :– २०७१/०६/२३

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.......... .........१ | जिल्ला सप्तरी, बैरवा गा.वि.स. वडा नं.८ बस्ने मोहमद आरिफ खान .१ |
| निजको प्रमाण.................................. | जिल्ला बांके, नेपालगञ्ज न.पा.घर भई ल.पु.जि.कुमारीपाटी बस्ने राजेन्द्र बहादुर स्वारको छोरा वर्ष १८को रोशन स्वार .......................१ |
| साक्षी .............. | |
| कागज........................................... | जि. ललितपुर शैंबु गा.वि.स. वडा नं.३ बस्ने काजीमान लामाको छोरा वर्ष २४ को खैरे भन्ने अरुण लामा ........................................... १ |
| | निजको प्रमाण ................................................................... |
| | साक्षी ........................................................................... |
| | कागज ......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः- प्रहरी प्रतिवेदक प्र.स.नि.पुर्णप्रसाद दाहालले गरेको वकपत्र

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

(१) का.जि.का.म.न.पा.वडा नं.३५ स्थित मोहमद आरिपा खानले लागुऔषध बोकी हिडेको भन्ने सूचना प्राप्त हुंदा खानतलासी गर्दा निजले बोकेको भलोलामा लागु औषध डाईजिपाम समेत दुई नाले नलकटुवा पेस्तोल थान-१ सोहि पेस्तोलमा फिट हुने K.F.1259 लेखेको गोली राउण्ड ५ फेला परेकोले बरामद भएको भन्ने समेतको बरामदी तथा खान तलासी मुचुल्का ।

(२) मिति २०७०।८।२८ गते बिहान अं.७ :००बजेको समयमा का.जि..का.म.न.पा.३५ स्थित सूचनाको आधारमा मोहमद आरिफ खानले बोकेको झोला खानतलासी गर्दा अबैध हातहतियार गोली, लागुऔषध, फेला परी बरामद पक्राउ भएको निजलाई सोधपुछ गर्दा हातहतियार गोली रोशन स्वार,खैरे भन्ने अरुण लामाले खरिद गर्ने भनि बोलाएको भनी खुलाएको हुंदा रोशन स्वार र अरुण लामालाई समेत पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

(३) म सँग वरामद भएको भनिएको पेस्तोल म एक महिना अगाडी काठमाण्डौ आएको थिए, पुतली सडकमा रोशन स्वार संग भेट भई कुरा कानी भएको हो, एकहप्ता बसी घरमा गएको हुं, मिति २०७०।८।२४ गते वा २५ गते दिउसो रोशन स्वारले फोन गरि मलाई गन चाहियो भारत जोगमनीमा पाईन्छ के कति पर्दछ खरिद गरि

ल्याउनु रुपैयाँ ३०/३५ हजार यहि दिउला भनी सल्लाह भएकाले म सोहि दिन भारतको जोगमनी पुगी हातहतियार गोली विक्रि गर्ने शंकर भन्ने ब्यक्ति संग भेट भई दुई नाले नलकटुवा पेस्तोल थान-१ र सो पेस्तोलमा लाग्ने गोली ५ राउण्ड रु.२३,०००।- मा खरिद गरि ल्याई गोप्य तरिकाले राखि मिति २०७०।८।२७ गते नाईटबस चढी मिति २०७०।८।२८ गते बिहान ०७ :४५ बजेको समयमा काठमाण्डौ कोटेश्वर आएको हुं, प्रहरीले मलाई पक्रि मैले बोकेको झोलाबाट हतियार,गोली र लागु औषध बरामद भएको हो र मैले भनेको आधारमा रोशन स्वार र अरुण लामा पनि पक्राउ भएका हुन,के कुन प्रयोजनका लागि रोशन स्वारले ल्याउनु भनेका हुन त्यस वारेमा थाहा छैन हतियार गोली विक्रि वितरण ओसार पसार गर्न पाउने ईजाजत केहि छैन भन्ने समेत ब्यहोराको प्रतिवादी मोहमद आरिफ खानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

(४) एक महिना अगाडि चिनेका आरिफ खानले हतियार चाहिन्छ भनी सोधेको र ललितपुरको लोलमा बस्ने सुरज प्रजापतीले हतियार मगाई देउ भनेकाले मैले मोहमद आरिफ खानको फोन आफै हतियार व्यवस्था गर्न भनी दिएको हुँ । त्यसपछि सुरजले अरुण लामालाई परिचय गराई दिए र अरुण लामाको फोनबाट मोहमद आरिफखानलाई फोन गरी हतियार मोहमद आरिफखानले लिएर आएको अवस्थामा कोटेश्वरबाट मिति २०७०।८।२८ मा मोहमद आरिफखान पक्राउ परेको हो । त्यसपछि म र अरुण लामा पनि पक्राउ परेका हौ भन्ने समेत व्यहोराको प्रतिवादी रोशन स्वाँरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(५) मोहमद आरिफ खान मिति २०७०।८।२८ गते बिहान २ नाले नलकटुवा पेस्तोल,लागु औषध सहित पक्राउ भएको पछि थाहा पाएको हुं लागु औषधको वारेमा मलाई केहि थाहा छैन मोहमद आरिफ खान र रोशन स्वार बीच के कुरा भयो मलाई थाहा छैन मैले रोशन स्वारलाई साथी सुरज प्रजापतिको माध्यमबाट चिनेको हुं, पक्राउ हुनभन्दा एकहप्ता अगाडी रोशन स्वार संग ललितपुरको इखालखु भन्ने स्थानमा भेट भई सुरजले हतियार गोलीको कुरा गरेको भन्ने कुरा भई हामी दुवैजना भई रोशनले आफ्नो मोबाईलमा ब्यालेन्स नभएकोले मेरो मोबाईलबाट मोहमद आरिफ खानलाई हतियार गोली ल्याएन भन्यौ, फेरी नल्याउन पनि भनेको हो, पैसा यहि आएर दिने कुरा समेत भएको हो, सोहि आधारमा मोहमदले हतियार गोली मिति २०७०।८।२८ गते लिई आएका अवस्थामा पक्राउ भएका रहेछन् । के प्रयोजन हो मलाई थाहा छैन सुरज प्रजापतिलाई नै थाहा होला हाल सुरज प्रजापति के कता छन् थाहा भएन भन्ने ब्यहोराको प्रतिवादी खैरे भन्ने अरुण लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

(६) मिति २०७०।८।२८ गते बिहान अं.०७:४५ बजेको समयमा का.जि.का.म.न.पा.३५ कोटेश्वर स्थितबाट पक्राउ भएका मोहमद आरिफ खान भन्ने ब्यक्तिलाई प्रहरीले पक्राउ गरी निजले बोकेको झोला तलासी गर्दा २ नाले नलकटुवा पेस्तोल थान-१,गोली ५ राउण्ड र लागु औषध डाईजीपाम समेत बरामद भई पक्राउ गरेका हुन, पक्राउ भएका मोहमद आरिफ खानलाई प्रहरीले सोधपुछ गर्दा हतियार गोली भारतबाट खरिद गरि ल्याएको, उक्त हतियार गोली रोशन स्वार,अरुण लामा भन्ने ब्यक्तिले ल्याउन भनी ल्याएको भनी बताएका थिए बुझ्दा प्रतिवादीहरुको योजना सल्लाह मिलोमतोबाट अबैध हातहतियार गोली कुनै घटना घटाउने उद्धेश्यले ओसार पसार खरिद विक्रि गरेको भन्ने कुरामा विस्वास लाग्यो यस्ता ब्यक्ति समूह उपर कानुनी कारवाहि हुनु पर्दछ भन्ने समेत ब्यहोराको रमेश खड्का समेतले गरेको घटना विवरण मुचुल्का ।

(७) मिसिल संलग्न कागजातहरुका आधार प्रमाणहरुबाट प्रतिवादीहरुको योजना, सल्लाह, मिलोमतो एवं संलग्नताबाट कुनै अपराधिक योजना सफल बनाउने उद्धेश्यले प्रतिवादी मोहमद आरिफ खानले अवैध हतियार दुई नाले नलकटुवा पेस्तोल थान १ र सोही हतियारमा फिट हुने गोली ५ राउण्ड साथमा लिई आएको अवस्थामा प्रतिवादी मोहमद आरिफ खान मिति २०७०।८।२८ गते बिहान का.म.न.पा.३५ स्थित पक्राउ भई दशी, प्रमाण, बरामद भएको स-प्रमाण देखिन आएको हुदा प्रतिवादीहरुले **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२),४(२) र ५(१) अनुसारको कसूर अपराध गरेको हुदा निजहरुलाई सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद खरखजाना ऐ. दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेको ।

(८) मैले मोहमद आरिफखानलाई चिनेकोसम्म थिएन, साथै बयानमा उल्लेख भएका सुरज प्रजापतिलाई म चिन्दा पनि चिन्दिन, मेरो फोनबाट रोशन स्वाँरले मोहमद आरिफलाई हतियार ल्याउन भनेको कुरा झुट्टा हो, र रोशन स्वार लाई सामान्य रुपमा चिने पनि निजहरुसंग मेरो कुनै नाता सम्बन्ध छैन । हतियारको विषयमा मलाई केहि थाहा छैन । मलाई मिति २०७०।०८।२८ गते बालकुमारीबाट प्रहरीले पक्राउ गरेको हो र अनुसन्धान अधिकृत समक्ष मैले

गरेको बयानको ब्यहोरा मेरो होईन, रोशन स्वारले किन त्यस्तो बयान गरे मलाई थाह भएन, मैले कसुर नगरेको हुनाले सबुतका लागि ललितपुर, सैंबु-५ बस्ने प्रेमबहादुर शाह र सिन्धुपाल्चोक,हेलम्बु-७ बस्ने लोप्साङ लामालाई बुझिपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी अरुण लामाले यस कार्यालयसमक्ष गरेको बयान ।

(९) प्रतिवादी अरुण लामा र रोशन स्वाँरसँग मेरो सामान्य चिनजानसम्म छ । मैले मोहमद आरिफखानलाई हतियार खरिद गरी ल्याउन भनी फोनमा कुरो गरेको छैन र हतियार मलाई आवश्यक पनि छैन । किन निजले त्यस्तो वयान गरे मलाई थाहा भएन । हतियारको विषयमा निजसँग मेरो कुनै कुरा भए गरेको नै छैन । मैले मिति २०७०।९।४ मा अनुसन्धान अधिकारी समक्ष गरेको वयानको व्यहोरा मेरो होइन । प्रहरीले हेर्न पढ्न नदिई विभिन्न कागजमा सहीछाप गराएको हुदा दस्तखत र ल्यप्चेसम्म मेरो हो भन्ने सम्मको व्यहोरा प्रतिवादी रोशन स्वाँरले यस कार्यालय समक्ष गरेको वयान ।

(१०) मिति २०७०।८।२८ गते म घरबाट काठमाण्डौ तर्फ आई रहेको ना ५ ख ६०६ नं. को बस बल्खु निर आई पुग्दा प्रहरी चेकजाँचको लागि गाडीमा प्रवेश गरेर चेकजाँच गर्दा कोटेश्वर आई पुगेपछि गाडीको पछाडी सिटमुनी लुकाई राखेको अवस्थामा वरामदी मुचुल्कामा उल्लेख भएको लागु औषध र हतियार बरामद भएको हो । म अगाडिको सिटमा थिए । वरामद भएको लागू औषध र हतियार मेरो होइन, कसको हो मलाई थाहा भएन । प्रहरीले आशंकाको आधारमा मलाई पक्राउ गरेको हो, वरामदी मुचुल्का हेर्न,पढ्न नदिई जवरजस्ती सहीछाप गराइएको हो । वरामदी मुचुल्का झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी मोहमद आरिफखानले यस कार्यालय समक्ष गरेको वयान ।

(११) यसमा प्रतिवादी मोहमद आरिफ खान, अरुण लामा र रोशन स्वाँरले अभियोग-पत्रको मागदावी अनुसारको कसुरमा इन्कार रही वयान गरेको भएता पनि मिसिल संलग्न वरामदी मुचुल्का अनुसार प्रतिवादी आरिफ खानबाट २ वटा व्यारेल भएको कटुवा पेस्तोल थान १ र गोली राउण्ड ५ सहित वरामद भएको र उक्त कुरा अनुसन्धानको क्रममा भएको वयानमा प्रतिवादीहरुले स्वीकार समेत गरेको देखियो । उक्त हतियार खरखजाना खरिद गरी ल्याउन प्र.रोशन स्वार र प्र.अरुण लामाले निज मोहमद आरिफ खानलाई भनेको अनुन्धानबाट देखिएकोले वरामदी हतियार खरखजाना अवैध रुपले विना इजाजत खरिद गर्ने, आफ्नो साथमा लिई हिड्ने र विक्री गर्ने योजनामा यी तीनै जना प्रतिवादीहरुको आपसी मिलेमतो र संलग्नता थिएन र यी प्रतिवादीहरुले **हातहतियार खरखजाना ऐन,**२०१९ को दफा ३(२),४(२) र ५(१) अनुसारको कसूर अपराध गरेको छैन भन्न सक्ने अवस्था अहिले नै नदेखिएकाले कसूरको मात्रा समेतलाईं विचार गरी पछि बुझ्दै जादा ठहरेबमोजिम हुने गरी अ.वं.११८(५) नं. बमोजिम प्रतिवादी रोशन स्वाँरबाट रु १,५०,०००।- ( एकलाख पचास हजार ) प्रतिवादी अरुण लामाबाट रु १,००,०००।- (एकलाख ) नगद वा सो वरावरको जेथा धरौट माग गर्नु सो दिए तारेखमा राखी नदिए थुनामा राखी कारवाही गर्नु । अर्का प्रतिवादी मोहमद आरिफ खानबाट नै हतियार खरखजाना वरामद भएको अवस्थालाई दृष्टीगत गरी निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(क) वमोजिम पूपक्षको लागि थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७०।९।२३ को थुनछेक आदेश ।

(१२) मिति २०७०।८।२८ मा भएको वरामदी एवं खानतलासी मुचुल्का म समेतका प्रहरी कर्मचारी र साक्षीको रोहवर समेतमा भएको हो । पक्राउ अगाडि चिनजान नभएता पनि पक्राउ पछि अनुसन्धानको क्रममा निजहरु राम्रो अंक ल्याई प्रथम श्रेणीमा उत्तिर्ण भई राखेको र विगतको समेत निजहरुको आचारण राम्रो भएको पाइयो । क्षणिकका साथीको संगतले गलत काम गरेको देखिन्छ भनी जाहेरवाला एवं प्रतिवेदक प्र.स.नि.पुर्णप्रसाद दाहालले यस कार्यालयमा गरेको वकपत्र ।

(१३) निज रोशन स्वाँर कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थी हुन । निज हतियार बोकी हिड्ने, विक्री गर्ने व्यक्ति होइनन् । निजको हालसम्मको चालचलन पनि अपराधिक मनस्थीतिको छैन । प्रतिवादी मोहमद आरिफखानसँग वरामद भएको हतियार र गोलीसँग निजको संलग्नता छैन भनी प्रतिवादी रोशन स्वाँरका साक्षी रामचन्द्र खड्का र खेमराज अधिकारी समेतले यस कार्यालय समक्ष गरेको मिल्दोजुल्दो व्यहोरको वकपत्र ।

(१४) निज मेरो साथी जस्तै हो, राम्रै परिवारको मानिस हो, निजबाट हतियार बोक्ने हिड्ने जस्तो कार्य हुन सक्दैन, पढ्न पनि तेज र राम्रो विद्यार्थी हो । निज एम वि वि एस परीक्षाको तयारीमा रहेकोले सोही समयमा हतियार वोकेर हिड्नु पर्ने काम थिएन र छैन । निज असल चालचलन भएको व्यक्ति हो भन्ने समेतको व्यहोरा प्रतिवादी मोहमद आरिफखानको साक्षी नताशा चौधरी र इर्साद खाँ ले यस कार्यालयमा गरेको मिल्दो जुल्दो व्यहोराको वकपत्र ।

## यस कार्यालयको ठहर

नियम वमोजिम पेशी सुचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।८।२८ गते बिहान काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ३५ कोटेश्वर स्थित सडकमा प्रतिवादी मोहमद आरिफ खानको साथबाट नलकटुवा पेस्तोल थान १, सोको गोली थान- ५ फेला परेको र उक्त हतियार र गोली अर्का प्रतिवादी रोशन स्वार र खैरे भन्ने अरुण लामाले मगाएको पुष्टि भएकाले प्रतिवादीहरु मोहमद आरिफ खान, रोशन स्वार र अरुण लामालाई **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२),४(२) र ५(१) को कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद पेस्तोल र गोली ऐ. दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय गर्नु पर्ने भएको छ ।

मिसिल संलग्न कागजात अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मिति २०७०/०८/२८ गते का.जि.का.म.न.पा.३५ स्थित सडकबाटोमा प्रतिवादी मोहमद आरिफ खानको शरीर खानतलासी गर्दा निजको साथबाट Home Made, २ वटा व्यारेल भएको, एकपटकमा दुई राउण्ड गोली प्रयोग हुने नलकटुवा पेस्तोल थान १, थ्री नट थ्री राइफलको K.F.1259 लेखिएको गोली थान-५ वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा यी प्रतिवादी मोहमद आरिफ खानले सहीछाप गरेको देखिन्छ । अधिकार प्राप्त अधिकारी समक्षको वयानमा यी प्रतिवादीले उक्त पेस्तोल तथा गोलीहरु रोशन स्वाँरले रु ३५,०००।- दिने शर्तमा मगाएकोले भारतको जोगवनी पुगी रु २३०००।- मा खरिद गरी ल्याएको र सो पेस्तोल तथा गोलीको प्रयोजन रोशन स्वाँर अरुण लामालाई थाहा छ भनी खुलाई कसुरमा सावित रहेको देखिन्छ । प्रतिवादी रोशन स्वाँरले चिनजानका साथी सुरज प्रजापतीले हतियार मगाई दिनु भनेकाले अरुण लामाको मोवाइल फोनबाट मोहमद आरिफ खानलाई कल गरी पेस्तोल र गोली ल्याई दिन अनुरोध गरेको, हतियार गोली काठमाण्डौ ल्याएपछि पैसा दिने सहमती भएको, हतियार मगाउनुको प्रयोजन अरुण लामा र सुरज प्रजापतीलाई थाह भएको भनी अनुसन्धानको क्रममा वयान गरेको देखिन्छ । प्रतिवादी अरुण लामाले सुरज प्रजापतीले हतियार मगाई दिन भनेकाले रोशन र म भई मेरो मोवाइलबाट मोहमद आरिफ खानलाईँ हतियार ल्याउन भनेको हो भनी खुलाएका रहेछन् । अनुसन्धानको क्रममा बुझिएका मानिसहरु कमलप्रसाद गुरागाई, रमेश खड्का र रविन दाहालले मोहमद आरिफ खानले भारतबाट हतियार ल्याएको र हातहतियार ल्याउने योजनामा अरुण लामा रोशन स्वाँर समेतको संलग्नता रहेको भनी खुलाएका रहेछन् । यस कार्यालय समक्षको वयानमा मोहमद आरिफ खानले आफ्नो साथबाट कुनै हातहतियार खरखजाना वरामद नभएको, अनुसन्धानको क्रममा भएको वयानमा र खानतलासी वरामदी मुचुल्कामा प्रहरीले पढ्न नदिई सहीछाप गराएको भनी कसुरमा इन्कार रहेका रहेछन् । प्रतिवादी रोशन स्वाँरले आफुले मोहमद आरिफखानलाई हतियार ल्याउन नभनेको, आफ्नो कुनै संलग्नता नभएको भनी इन्कारी बयान गरेका रहेछन् । प्रतिवादी अरुण लामाले समेत आफुले अभियोग मागदावी बमोजिम कुनै कसूर नगरेको भनी इन्कारी रहेको देखिन्छ । प्रतिवादीहरु जना तीनैले यस कार्यालयमा कसुरमा ईन्कार रही बयान गरेता पनि सो को पुष्ट्याँई हुने ठोस साक्षी, सबुत प्रमाण पेश गर्न सकेको देखिएन । प्रहरी प्रतिवेदक प्र.स.नि.पुर्णप्रसाद दाहालले मिति २०७०।८।२८ को खानतलासी तथा वरामदी मुचुल्का साक्षीहरुको रोहवरमा आफु लगायतले तामेल गरेको भनी खुलाएको लगायतका

मिसिल संलग्न कागज प्रमाणहरुका आधारमा प्रतिवादीहरु रोशन स्वाँर, खैरे भन्ने अरुण लमाले काठमाण्डौबाट सप्तरीमा आफ्नो घर आएका प्रतिवादी मोहमद आरिफखानलाई पेस्तोल ल्याउन अनुरोध गरेको, मोहमद आरिफ खानले नेपाल-भारत सिमामा गई पेस्तोल र गोली खरिद गरी नाइटबसमा चढी काठमाण्डौ आएको र उक्त पेस्तोल र गोलीहरु रु ३५,०००।- मा विक्री गर्ने योजना रहेको तथ्य पुष्टि हुन आयो । अत:प्रतिवादीहरु मोहमद आरिफ खान,रोशन स्वाँर र अरुण लामा समेतले अभियोग दावी बमोजिम विना लाइसेन्स हातहतियार ल्याउने लैजाने, साथमा लिई हिड्ने र साथमा राख्ने कसुर गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा मोहमद आरिफ खानको हकमा निज मिति २०७०।८।२८ मा पक्राउ गरी हालसम्म मुद्दा पूर्पक्षको लागि थुनामा नै रहेका, MBBS तयारी कक्षा पढ्दै गरेका विद्यार्थी रहेका र निजले हातहतियार प्रयोग गरी कुनै कसुर गरेको भन्ने कुनै अभिलेख नरहेकाले कैदको सजाय गर्दा अलिक चर्को पर्न जाने भएकाले निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम रु १,००,०००।- ( एक लाख ) जरिवाना हुन्छ । प्रतिविदीहरु रोशन स्वाँर र खैरे भन्ने अरुण लामाको हकमा विचार गर्दा निजहरुको साथबाट हातहतियार खरखजाना वरामद नभएको तर वरामद भएको हतियार र गोली काठमाण्डौ ल्याउने कार्य निजहरुकै योजना मुताविक भएकोसम्म देखिदा निजहरुलाई ऐ. दफा २०(२) बमोजिम जनही रु ८०,०००।- (असी हजार ) जरिवाना हुन्छ । प्रतिवादी खैरे भन्ने अरुण लमाले यस कार्यालयबाट तोकिएको तारेख गुजारी बसेकाले निजले फिर्ता पाउने धरौटी रकम मु.ऐ.अ.वं १२४ नं. बमोजिम जफत हुन्छ । वरामद पेस्तोल तथा गोली हातहतियार खरखजाना ऐन, २०१९ को दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी मोहमद आरिफ खानलाई रु १,००,०००।- (एक लाख) जरिवाना हुने ठहरेकोले निजले मु.ऐ.अ.वं.१२० तथा दण्डसजायको ५३ नं. बमोजिम कट्टा गरी वाकी जरिवाना रकम दाखिला गरे थुनाबाट छाड्न लेखी पठाउनु, ठहरेको जरिवाना दाखिला गर्न नसके दण्डसजाय महलको ३८(२) बमोजिम २ वर्ष ६ महिना कैदमा बस्ने गरी कैदीपूर्जि दिनू.....................१

प्रतिवादी रोशन स्वाँर र खैरे भन्ने अरुण लामालाई जनही रु ८०,०००।-(असी हजार ) जरिवाना हुने ठहरेकाले प्रतिवादी रोशन स्वाँरले थुनछेक आदेशका क्रममा राखेको धरौटी रकमबाट निजलाई भएको जरिवाना रकम कट्टा गरी वाकी रकम निजलाई फिर्ता दिनु, प्रतिवादी खैरे भन्ने अरुण लामाले तारेख गुजारी बसेकाले निजलाई भएको जरिवाना कटाई बाँकी हुन आउने धरौटी रकम जफत गर्नु ..........२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु मोहमद आरिफ खान, रोशन स्वाँर र खैरे भन्ने अरुण लामालाई ७० (सत्तरी) दिने पुनरावेदन म्याद दिनू. ..........................................................................................४

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .................. ..........५

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए नियमानुसार नक्कल दिनू......६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...............................................................७

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम लेख्ने
ना.सु.परशुराम थापा

...................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल आश्विन २३ गते रोज ५ शुभम् .......................